# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असोज २३ गते २०४२ साल ( अतिरिक्ताङ्क ३० ( ख )


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा सम्वत् २०४२ आश्विन २३ गते प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दमार्फत उद्योग र सञ्चार मन्त्री श्री पद्मसुन्दर लावती र पञ्चायत तथा स्थानीय विकास मन्त्री श्री नारायणदत्त भट्टले आ-आफ्नो पदबाट चढाई पठाउनुभएको राजीनामा मौसूफका हजूरमा जाहेर हुँदा मौसूफबाट नेपालको संविधानबमोजिम उक्त राजीनामाहरू स्वीकृत गरिबक्सेको छ ।

साथै उपर्युक्त राजीनामाको कारणबाट रिक्त हुनआएको मन्त्रालयहरूको कार्यभारहरू मौसूफबाट देहाय अनुसार सम्हाल्न हुकुम बक्सेको छ ।

१. मन्त्री श्री जोगमेहर श्रेष्ठ – गृह र पञ्चायत तथा स्थानीय विकास ।
२. मन्त्री श्री पशुपति शम्शेर ज. ब. रा. – जलस्रोत र सञ्चार ।
३. मन्त्री श्री परशुनारायण चौधरी –उद्योग, वाणिज्य र आपूर्ति ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट साउदी अरेबियाका लागि शाही नेपाली राजदूत श्री तीर्थराज तुलाधरलाई अरब गणतन्त्र सिरिया र सुल्तानेत अफ ओमानका लागि पनि शाही नेपाली राजदूत पदमा नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।